गताङ्कको रहल...

पत्नीव्रत पुरुष

वासुदेव कटुवाल
खोनामुख, शोणितपुर, असम

पण्डित- के चाहिँ बुद्धि पुगेन त मेरो? भन त भन कहाँ चाहिँ गल्ती भएछ त मेरो।

पण्डितनी- पहिलो नम्बर त घोड़ाको रङ्ग कालो भयो; त्यो मन परेन। दोस्रो नम्बरमा घोड़ामा त राजा, महाराजा, मन्त्रीहरू पो चढ़ेर हिँड़छन् त। कतै पण्डित मान्छे घोड़ामा चढ़ेर हिँड़ेको देख्नुभएको छ? मैले भनेको मान्नुहुन्छ भने यो घोड़ा फिर्ता गरेर यसको साटो केही द्रव्य मागेर ल्याउनुहोस्। नभए ता यसै कालो घोड़ा यमराजको दूत भन्छन्, ग्रह, दशा, राहु, केतु सबै बिग्रिएर आउन लागेकी लक्ष्मी पनि भाग्न थाल्छन्। छिटो जानुहोस् भनेको मान्नुहोस्।

श्रीमतीका कुरा, युक्तिहरू सुनेर पण्डित झुमलाललाई आफूले गल्ती गरेजस्तो नै महसुस हुन्छ र मनमा पश्चाताप गर्दै हतपत्त त्यो घोड़ामा सवार भएर घोड़ा फिर्ता गर्न भनी जान्छन्। मन्त्री चतुर सिंहलाई भेट्टाएर भन्छन्, हेर्नुहोस् मन्त्रीज्यू! घोड़ा त मैले लगें तर कुरो एउटा पऱ्यो।

मन्त्री- सबैथोक हेरिकोरी गरेर लगेपछि फेरि के कुरो पऱ्यो भन, छिटो भन।

पण्डित- हैन मन्त्रीज्यू, घरकी श्रीमतीले यो कालो घोड़ा चाहिँ एकदमै मन पराइनन् र यो घोड़ा फिर्ता गरेर यसको बदलामा बरू केही द्रव्य पाए हुन्थ्यो।

मन्त्री- होइन पण्डितज्यू! अघि त निकै ठूलूला कुरा हाँकेर 'स्वास्नीका भनाइमा हिँड़ने मान्छे त मान्छे नै होइन' भन्नु हुन्थ्यो त। अहिले फेरि स्वास्नीकै भनाइमा लागेर घोड़ा फिर्ता गर्न लाज लागेन तपाईंलाई? थाप तिम्रो त्यो झोला, मनपर्दो खुशी हुने द्रव्य म तिमीलाई दिन्छु तर यो टोप्लो घर लगेर मात्रै खोल्नुहोला, यहाँ खोल्न पाउनुहुन्न।

(लुकाएर तीन/चार पत्र लुगाको बीचमा कुखुराको डिम्मा हाली निकै ठुलो टोप्लो बनाएर माथि मञ्जसँगले बाँधेर झोलामा हाली पठाउछन् र आफूले फिर्ता गरेको घोड़ालाई लिएर बाटो लाग्दछन्।)

मन्त्री चतुर सिंहले पत्नीव्रता दुइटाको परीक्षा गरिसकेपछि तेस्रो परीक्षा अब कसमाथि गर्नु, कहाँ गर्नु अझै १५ दिनको समय छ भनी चिन्ता गरिरहेका थिए। त्यतिकैमा उनको मनमा विचार आउँछ कि राजाले अरूलाई त पत्नीव्रता कि पतिव्रताको परीक्षा गर्न पठाए तर आफू स्वयं चाहिँ पत्नीव्रता हुन् कि होइनन् अब राजामाथि नै परीक्षा गर्नुपऱ्यो भनी चतुर सिंहले आफ्नो चतुर विद्या खेलाउन थाल्छन्।

एकदिन आफ्नो उद्देश्य लिएर राज्यमा डुलिरहेका बेलामा एक ठाउँमा बत्तीस पुतली नाम गरेकी एउटी केटी, हेर्दा हेरिरहुँजस्तै शरीरको चालढाल, बान्की परेकी, हँसिलो, खुशिलो मुहार, मिठो बोली भएकी, शरीरमा फुर्तिपन भएकी एउटी केटीलाई भेट्टाउँछन्। केटीलाई देखेर मन्त्री मोहित हुन्छन् र घोड़ाबाट उत्रिएर केटी भए ठाउँमा गई केटीलाई आफ्नो परिचय दिएर केटीको नाम, घर सबैथोक सोधिसकेपछि सङ्कोच नमानिकन यो पनि सोध्छन् कि तिम्रो बिहे गर्ने मतलब छ कि छैन अथवा पहिले नै कोहीसँग गहिरो माया-प्रीति बसेको छ कि छैन भनी खुला प्रश्न सोध्छन्।

उनले पनि लाज नमानिकन निसङ्कोच मन्त्रीलाई भन्छिन्, 'हेर्नुहोस् मन्त्रीज्यू! बिहे गर्ने कुराले मलाई बहुतै समस्यामा पारेको छ। सबैकी आँखालाग्दी हुनु पनि एउटा ठूलो विराम रहेछ। मलाई फकाउनेको धुइरो लागेको छ। आजसम्म मलाई बड़ा-बड़ा खानदानका छोरा आठ/दशजनाले मसँग बिहे हुनुपर्छ भने र नत्र जबरजस्ती अपहरण गरेर भए पनि लान्छु भनेका छन्। कोसँग बिहे हुनु, कोसँग नहुनु मेरो निम्ति महाभारतको लड़ाइँ लाग्लाजस्तो छ। मलाई आफ्नो ज्यान बचाएर हिँड़न पनि सारो परिसकेको छ। यसबेला भित्री चिन्ताले मलाई बहुतै सताएको छ। केही उपाय छ भने धर्म सम्झेर उपकार गर्नुहोस्'- भनी विनयपूर्वक मन्त्रीसँग बिन्ती गर्छिन्। बत्तीस पुतलीको समस्या सुनेर मन्त्री चतुर सिंहले आफ्नो चतुर विद्याद्वारा यिनैको माध्यमद्वारा राजाको परीक्षा गर्नुपऱ्यो भनी बुद्धि खेलाउन थाल्छन्। मन्त्रीले ती बत्तीस पुतलीलाई भन्छन्, 'हेर नानी! म तिम्रो समस्यालाई समाधान अवश्यै गरिदिन्छु तर मैले भने बमोजिम तिमीले काम गर्नुपर्छ। म तिमीलाइ यो देशको राजाको छेउमा लान्छु। तिमीले डर नमानिकन भन्नु कि महाराज मेरो ज्यान खतरामा छ मलाई बचाउनुहोस् भनी विनयपूर्वक आपत्ति गर्नु र समया चाहिँ एकान्तमा मात्रै भन्छु भन्नु,' अरू कुरो अहऱ्याइ-सिकाइ उनलाई विश्वास दिलाउछन्। बत्तीस पुतली पनि राजी हुन्छिन्। उनलाई लिएर मन्त्री राजदरबारमा जान्छन् अनि भन्छन्- 'महाराज! मेरो पत्नीव्रता परीक्षाको दिन अझै १५ दिन बाँकी छ तर बीचमा ठूलो एउटा समस्या परेर यो नानीको ज्यान खतरामा परेको देखेर तपाईं भएठाममा यिनलाई ल्याएको हो। सोधी बक्सियोस् यिनको समस्या। राजाले ती बत्तीस पुतलीको बान्की परेको अनुहार देखी एकछिन त हेरिरहन्छन् अनि भन्छन्, के हो तिम्रो त्यस्तो समस्या भनी आदेश दिन्छन्।

बत्तीस पुतली- महाराज! सबै मान्छेको गाड़ी भन्ने कुरो होइन यो मेरो। म तपाईंलाई एकान्तमा भन्न चाहन्छु- भनी बिन्ती गर्छिन्।

राजा- त्यसो भए म पनि आज यतिखेर अलिक हतारमा छु भरै फुर्सद भएपछि ठण्डा दिमागले तिम्रो कुरा सुनौला।

यति भनी बत्तीस पुतलीलाई बेग्लै एउटा एकान्त कमरामा लगेर खाने, बस्ने, सुत्ने, व्यवस्था गरिदिन्छन्। राजाको त्यस दिन अरू दिनको भन्दा धेर काम भएको हुनाले सबै काम गरी खानपिन गर्दा दश/एघार बज्न लाग्छ। त्यति खेर राजा फुर्सद भई ती बत्तीस पुतली भएठाममा जान लाग्दछन्। त्यतिखेर मन्त्रीले जेठी महारानी (जो अलिक कड़ा दिमागकी थिइन्)-लाई यो कुरा सुटुक्क सुनाइदिन्छन् कि हेर्नुहोस् महारानी राजाले दरबारभित्र सात नम्बर कमरामा नवयुवती सुन्दरी एउटा लुकाएर राखेका छन् एकछिन पछि तपाईं आफै गएर प्रत्यक्ष प्रमाण पाउनुहुने छ तर मैले भनेको भनेर चाहिँ एकदमै नभन्नुहोल् भनी सुनाउँछन्।

कुरो रानीका कानमा परी ऊ चाहिँ सात नम्बर कमराका छेउछाउमा लुकेर बस्छन्। राजा ती बत्तीस पुतली भएठाममा गई तिनको समस्याको कुरो सोध्न मात्रै थालेका थिए कि महारानी चियो गर्दै त्यही कमरामा आइपुग्छिन्। त्यो कमरामा नवयुवती सुन्दरीसँग एकान्तमा दश/एघार बजे राति राजा बात मार्दै गरेको स्थितिमा देखी महारानीलाई धैर्यको सीमा हुँदैन। रिसले त्रिभाउन्न देख्छिन्।

महारानी- (रिसाउँदै भन्छिन्) यो मध्ये रात्री, दरबारभित्रको एकान्त कमरामा यो युवती कहाँबाट आइ? यसको यहाँ के काम? तपाईं यहाँ किन आउनुभएको? यो युवतीसँग तपाईंको को सम्बन्ध छ?

राजा- होइन महारानी! तिमी पहिले कुरो त सुन के भएको हो। कुरो नबुझी नारी भएर पुरूषको अगाड़ि, धेर ताम्सिएर बढ़ता नबोल त यहाँ तिमी। तिम्रो यहाँ केही काम छैन, तिमी चुप लागेर यहाँबाट जाऊ, नत्र ....

महारानी- नत्र के गर्नुहुन्छ? पहिले यो युवतीलाई यो दरबारबाट निकाली बक्सियोस्। जे भन्नु छ, जे गर्नुछ भोलि दिनमा गर्नुहोला। यो मध्यरात्री म कुनै कुरो सुन्न चाहन्न। यसको जगेटा छर्छु भन्दै ती बत्तीस पुतलीमाथि झम्टिन थाल्छिन्। महारानी पागलजस्ती भई कसैको डर नमानिकन भट्याउन थाल्छिन्।

महाराज- (रानी चुप लागेपछि) महारानीको उग्रमूर्ति र उनका युक्तिसङ्गत कुराहरू सुनेर राजा एकछिन चुपो लाग्दछन्। बत्तीस पुतलीलाई भन्छन्, तिमी अहिले यो दरबारबाट जाऊ, भोलि बिहान दरबार बसेपछि आएर तिम्रो फरियाद सुनाउनु भनी उनलाई पठाउछन्।

मन्त्रीले सबैकुरो सुनेर छेउमा आई राजाको हातमा कुखुराको डिम्मा थमाउछन्। राजाले मन्त्रीलाई सोध्छन्, 'होइन, तिमीले यो के गरेको मन्त्रीज्यू?'

मन्त्री- देश बदलियो, भेष बद्लियो, बदलियो परिवेश
देख्दादेख्दै सेता भए काला कपालका केश।
पवतव्रता नारी धेरै थिए, अघि सत्य युगमा
पत्नीव्रता पुरुष भएछन्, अहिले यो कलियुगमा।

मेरी आमालाई प्रश्न

प्रशान्त शर्मा
खरसाङ

मेरी आमाको मुखारवृन्दबाट सुन्छु एउटै नाम,
गुण र दयाले गर्दथे जनकल्याण
जसको मनभित्र थिएन कुनै खोट
जसले दिए हरेकमानिसलाई सहारा
बाँधिए उनी गरीबहरूको मनमा बनी लहरा
मेरी आमाको सङ्गीतमा हुन्छ सधैँ एउटा नाम।
जसले हृदयको ढोकामा मन्द ढकढकाएर,
मन्द मुस्काएर चश्मामुनिबाट आँखा झिम्काएर,
गर्छन् कुनै विद्यार्थीलाई ठट्टा
लाग्छ अग्लो हिमालयको चुचुरोबाट
घाम मुस्कुराएर बनायो लट्ठ।
सन्त अल्फन्ससको गरिमा बोकी
हिँड़न चाहन्थे सधैँ उनी
यस्ता मानिसलाई गर्नुपर्छ मनभित्रबाट नमस्कार!
त्यसैले, म मेरी आमालाई प्रश्न गर्छु-
को हुन् उनी?
आमा भन्छिन्-
'गरीबहरूका पिता
फादर अब्राह्म उनी।'

मुक्ति

रमेश खनाल
माछोङ

विकृति र विसंगतिलाई तोड़ै
भविष्य खोज्न अब लाग
कुण्ठिएको मन बोक्न छोड़ी
संघर्षका पाइला टेक्न अब लाग।

मृत्युअघि जीवन घुम्दैछ
जीवन मृत्युसँग लड़दैछ
वरिपरि अन्धकार बनाएर
जीवन विसंगतिको गीत गाउँदैछ।

भूत अन्धकार भइसक्यो
वर्तमान ओझलमा चल्दैछ।
भविष्य तिम्रो हातले नसिर्जिए
अन्धकारको अन्तिम प्रहर चल्दैछ।

मिठा सपना बोकी गीत गाउँदैछौ
विपनाहरू ओझलमा पर्दैछन्।
विवेकका नयन खोली हेर
तिमी कहाँ अल्मलिएर उभिरहेछौ।

जीवन नजिक छ कि मृत्यु!
नहेर पछि फर्की अन्धकारलाई
रहरै छ जीवनलाई खोज्ने भने
तोड़ अब ती सबै जञ्जीरलाई।

त्याग अब सुख, चैन, आराम
लाग अब कर्मपथ सँगाल्न
सँगाल संघर्षका पाइलाहरू
तोड़ ती पर्खालहरू जीवनका सबै सबै।

खड़ा भएका छन् पर्खाल अघि-पछि
कस कम्मर तोड़नलाई सबै सबै।
आफूलाई लगाएका जञ्जीर तोड़ सबै
जीवनमा मुक्तिको बाटो पाउनेछौ सधैँ सधैँ।

मेरी जननी



कमला तामाङ
आठौं श्रेणी
पस्सी पाठशाला

मेरी आमा
जन्म दिई
म सात वर्ष नपुग्दै
मलाई टुहुरी बनाई
अल्पियौ तिमी क्षितिजपारि।
म दिनमा आकाशमा
तिमीलाई देख्छु रविमा
रातमा चन्द्रमामा पनि तिमीलाई देख्छु।

अब त ठुली भइसके
झरेको फूल सधैँ मुर्झाउछ
मुखबाट निस्किएको बोली फेरि फर्कँदैन
मन बुझाउन चाहन्छु
र पनि मेरो हृदय छ, आत्मा छ
त्यो ढुङ्गा त होइन
तिम्रो ममताको विछोड़मा
रातको शून्यतामा
परेली भिजाइ कति खन्छु खन्छु।

अब त आँशु पनि सुकिसक्यो
तर ईश्वरप्रति आस्था छ ममा
यो जन्ममा नभए पनि
अर्को जन्ममा तिमी नै मेरी आमा
बनी आऊन्
मलाई तिम्रै कोखमा राख्नू
प्रिये जननी माता!
तिमी स्वर्गमा मलाई अवश्यै
सम्झनु है, सम्झनु है।

आमाको पुकार

तुलसी घिमिरे (कश्यप)
लोवर विरिङ

भो मलाई नसताऊ
मलाई टुक्रिन मनलागेको छ
मलाई पड्किन मनलागेको छ
आगाका ज्वालाहरू भएर
पानीका बहाउहरू भएर
हावाको नासक भुँवरी भएर
जमीनको थर्थरी कम्पन, भूकम्प भएर
हो! मलाई सहिनसक्नु भएपछि
खुनको आँसु रून्छ।
पीड़ा र सङ्क्रमणको श्वास फेर्छु
लाभा उकेल्ने बानी गर्छु
उष्ण वायु फेर्ने गर्छु।

त्यसैले त मनको गहिराइबाट बिन्ती गर्छु
वृक्ष लगाई धरती हरियो बनाऊ
मलाई पत्र-पत्रमा बचाऊ
म बाँचे भने तिमीहरूलाई सञ्चो हुन्छ
तिमीहरूलाई सञ्चो भएपछि
मेरो मन आनन्दित बन्छ।

बदलिँदो छ पहाड़को रङ्वरण

अञ्जन बास्कोटा
विश्वनाथ, असम

पहाड़हरूको बदलिँदो छ रङवरण
गुमाइसकेछ उसको चिरहरित
दृष्टिमुग्ध गुणागुण।
फागुने फिरफिरे मलयाको कचकचमा
मुर्झायो कुनै दिनको श्यामल पहाड़
सात पुस्ता धानेको सभ्यता, संस्कृतिको
ध्वजावाही पहाड़हरूले अनुहार फेरे
लाग्दो फागुनको उत्ताउलो पवनले
पहाड़माथि थोपारी दिँदोछ
अनाकांक्षित तिक्तताको आवरण
प्रतिकूल पवनको नव नव उल्लास
निष्प्रभ पुर्ख्यौलीको लामो लालित्य
नाङ्गो अस्तित्व अतीतको वैभव।
नचाहेको दुर्गति- खोसिएको स्वाभिमान
जेसीवीका राक्षसी नङ्ग्राहरूको
अविराम चिथोर्याइ
रोगग्रस्त अस्तव्यस्त पहाड़ी वक्ष
वृक्षचोरको जगजगी
कोइला पहाड़को मुटु चिरिने रोदन
आस्सिएका रुखका पहेंलिएका पात
अनगन्ती जीवनको प्रस्थान विलाप
आज साथी बन्यो हरिमुष्टे प्रदूषण
पहाड़हरूको साँचै फेरियो रङवरण।

समयको महत्त्व

देवराज नेपाल
सुम्बुक

असल हुन चाहाने विद्यार्थीहरूलाई
समयले मृत्युलाई पनि पर्खँदैन भनी
सधैँ त्यसको महत्त्व बुझाइरहनु
इन्द्रको अघि स्वर्गको बखान
गरेजस्तो हुनजान्छ
भनिन्छ, वनको काँड़ा तिखानुपर्दैन
घरको फूल आफै फर्क्रिँदैन
यसैले तिमीहरू वर्तमानमा
समयसापेक्ष बाँच
तिमीहरूको भविष्य सधैँ नै हाँसेको हुन्छ।

पुण्यभूमि मेरो गाउँ

तेञ्जिङ तामाङ
आठौं श्रेणी, पस्सी
पाठशाला

जन्मभूमि, पुण्यभूमि मेरो प्यारो गाउँ
पस्सी हो यसको नाम
जब म अघिल्तिर हेर्दछु
बिहानी भुकभुके उज्यालोमा
क्षितिजमा घाम झुल्केको
सिमी, प्याजको साग, लसुन
लहलह देख्छु उम्रेको, सबै जैविक
पस्सीजनको मेहनतको फल
यसैले यहाँको पर्यावरण स्वच्छ शीतल
रवि खोला र राते खोलाको कलकल ध्वनीले
अति गर्मीमा पनि शीतलताको आभास
हरेकको मन मनमा सङ्गीत भई गुञ्जिएको
यहाँको धन हरियो वन
फूलहरू फुल्छन् थरिथरिका
भँवराहरू रस चुस्न घुम्छन् वरिपरि
यो पक्कै हो आशीर्वाद हामीमा हरिको
अतिसुन्दर हाम्रो पुण्यभूमि
हाम्रो गाउँ पस्सी।

बाध्यता

रश्मि राई
कालचिनी

आज फेरि म बाध्य भएँ
यो कागज र कलम समाउन
म चाहँदिन थिएँ, त्यो आदत दोहोऱ्याउन
म चाहिँदिन थिएँ, फेरि धागोमा फूल गुँथ्न।

तर, आज फेरि अन्तर्मनले मलाई ठेल्यो
नचाहाँदै पनि म आज बाध्य बनेँ
फेरि आफ्नो कथा यो कागजमा लेख्न।

आजसम्म म बाहिरी दुनियाँमै विश्वास गर्थेँ
तर, आज थाहा पाएँ, यो त देखावटी हो,
तर, सत्य कुरोलाई
केवल कागज र कलमले लेख्दोरहेछ।

प्रेमाभास

जी० एल० राई
सिस्ने प० सिक्किम

बिनातिमी श्वास-प्रश्वास नै लिन नसक्ने
बिनातिमी एकपल पनि जिउन नसक्ने मलाई
सुटुक्क छक्याएर कहाँ गएकी थियौ?
यत्रो लामो अवधि मलाई दोसाँधाम पारेर।
विपनाका गल्लीहरूमा
सपनाका गोरेटाहरूमा तिमीलाई
आजपर्यन्त अहर्निश
आशाको दीयो बालेर पर्खी नबसेको कहाँ हो र!
ओझेल भएर बसिदिने तिम्रो बानीसँग
म सदासर्वदा दङ्ग छु,
जब मैले सधैँलाई बिर्सने फसेला गरेँ
अनि चुपचाप एकान्तमा बसेँ
तब मलाई आभास भयो प्रिये
कि तिमी त मसँग सर्वदा छौं।
पल पल ढुकढुकी भएर समाएकी
पल पल श्वास भएर छाएकी
दुःखमा पनि सुखमा पनि
जीतमा पनि हारमा पनि
रातमा पनि दिनमा पनि
सपना होस् या विपना
नछुट्टिनेगरी सधैँलाई
म नै भएर मेरो अस्तित्वको आधार भएर
जन्मभन्दा अघि अनि मृत्युपछि पनि
पल पल चेतनासरह तिमी नै म रहिछ्यौ।